प्रथम पटक बुटवल टुडेमा प्रकाशित

देवदह नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
देवदह-४, केरवानी, रुपन्देही

# सिलबन्दी बोलपत्र आह्वानको सूचना

**प्रथम पटक प्रकाशित मिति २०७४/१२/१५**

मिति २०७४।१२।१५ गते बुटवल टुडेमा प्रकाशित सुचना

देवदह नगरपालिकाको आ.व. ०७४।०७५ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार वडा न. ३ ,८ र ११ को वडा कार्यालय भवनको निर्माण कार्य सिलबन्दी बोलपत्रद्वारा गराउनु पर्ने भएकोले सम्बन्धित निकायबाट ईजाजत प्राप्त इच्छुक निर्माण व्यवसायीहरुबाट निम्न शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नका लागि यो सूचना प्रकाशित गरिएको छ ।

१. बोलपत्र पुस्तिका मिति २०७५/०१/१४ गते सम्म कार्यालय समयभित्र निर्माण व्यवसायी वा कम्पनी सञ्चालकको नागरिकताको प्रतिलिपि, चालु आ.व.को लागि नविकरण भएको इजाजत पत्र, आयकर दर्ता प्रमाण पत्र तथा आन्तरिक राजश्व कार्यालयमा दर्ता भएको प्रमाण पत्रहरुको प्रतिलिपि एक/एक प्रति संलग्न राखी निवेदनसाथ तोकिए बमोजिमको बोलपत्र दस्तुर वापत (पछि फिर्ता नहुने गरी) नगदै बुझाई देवदह नगरपालिका कार्यालयको योजना शाखाबाट र को. ले.नि.का. वुटवल बाट समेत निर्माण व्यवसायी आफै वा निजको वारेसनामा लिई आउने व्यक्तिले खरीद गर्न सक्नेछ । खरीद भएका बोलपत्रहरु सिलबन्दी गरी २०७५/०१/१५ गते दिनको १२.०० बजे भित्र यस कार्यालयको नाममा संबोधन गरी ठेक्का नं. कामको विवरण, बोलपत्रदाताको नाम र ठेगाना स्पष्टसंग खुलाई फर्मको छाप लगाई सिलबन्दी लाहा छाप गरी यस कार्यालयमा दर्ता गराई सक्नुपर्नेछ ।

२. म्याद र समयभित्र दर्ता भएका बोलपत्रहरु २०७५/०१/१५ गते दिनको ०२.०० बजे देवदह न.पा. कार्यालयमा खोलिनेछ । बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएतापनि बोलपत्र खोल्न कुनै बाधा पर्ने छैन । बोलपत्र दाखिला वा खोल्ने दिन विदा परेमा सोको भोलिपल्ट कार्यालय खुलेको दिन सोही समयमा बोलपत्र दाखिला र खोल्ने कार्य हुनेछ ।

३. रीत नपुगी वा म्याद नाघि आएको र शर्त सहितको बोलपत्रलाई मान्यता दिइने छैन ।

४. बोलपत्रसाथ धरौटी वापत तोकिए बमोजिमको रकम देवदह नगरपालिका कार्यालय, बुटवलको एन आई सी एशिया बैंक खैरेनी शाखाको **कार्यालय कोड ३७-३६५-१५ धरौटी खाता नं. F6CA050811752401** मा जम्मा गरेको सक्कल बैक भौचर वा सो रकम बराबरको नेपाल राष्ट्र बैकबाट ईजाजत प्राप्त क वर्गको वाणिज्य बैकबाट देवदह नगरपालिका कार्यालयको नाममा जारी गरिएको बोलपत्र खोल्ने मितिले कम्तीमा १२० दिन म्याद भएको विड वण्ड (धितो जमानी पत्र) पेश गर्नुपर्नेछ ।

५. बोलपत्रमा दररेट उल्लेख गर्दा आइटम अनुसार अंक र अक्षरमा स्पष्ट रुपमा उल्लेख गर्नु पर्नेछ । अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएकोलाई मान्यता दिइनेछ । केरमेट भएकोमा स्पष्टसंग दस्तखत र छाप भएको हुनु पर्नेछ ।

६. निर्माण व्यवसायीहरुले एकल वा संयुक्त (जे.भी.) रुपमा (बढीमा २ वटा व्यवसायीहरु बिच) पनि विड गर्न सकिनेछ ।

७. ईच्छुक निर्माण व्यवसायीहरुलाई मिति २०७५/०१/०४ गते दिउसो १:०० बजे यस कार्यालयमा प्रि विड मिटिङ्ग आयोजना गरिनेछ ।

८. बोलपत्र दर्ता गर्नु अगावै सम्बन्धित व्यवसायीहरुबाट साईट निरीक्षण गरी आवश्यक जानकारी लिन सकिनेछ ।

९. शर्त राखी आएको सिलबन्दी बोलपत्र स्वीकृत हुने छैन ।

१०. सार्वजनिक खरीद ऐन, २०६३ र सार्वजनिक खरीद नियमावली, २०६४ अनुसार तथा अन्य प्रचलित नियम कानून अनुसार तोकिएको आधारहरु पुरा नभएको, रीत नपुगेको, म्यादभित्र दर्ता नभएको र यस सूचना एवं बोलपत्र सम्वन्धी कागजातमा उल्लेखित शर्तहरु पूरा नभएको बोलपत्रमा कुनै कारवाही हुनेछैन ।

११. कुनै कारण जनाइ वा नजनाई बोलपत्र पूरा/आंशकि स्वीकृत गर्ने वा अस्वीकृत गर्ने सम्पूर्ण अधिकार देवदह नगरपालिकामा सुरक्षित रहने छ ।

१२. बोलपत्र सम्बन्धी अन्य कुरा बुझ्नु परेमा यस कार्यालयको योजना तथा प्राविधिक शाखामा कार्यालय समयभित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।

१३. प्रकाशित सूचना र टेण्डर डकुमेण्टका कुनै शर्त बाझिन गएमा सूचनामा प्रकाशित शर्त मान्य हुनेछ ।

| सि. नं. | ठेक्का नं. | योजनाको नाम | कार्यस्थल | ल.ई.भ्याट तथा कन्टेन्जेन्सी वाहेक | धरौटी रकम रु. | बोलपत्र दस्तुर रकम रु. |
|---|---|---|---|---|---|---|
| १. | MUN-W-BLD-02/074/075 | वडा कार्यालय भवन निर्माण | देवदह न.पा. वडा नं. ३ | ८,३२,९०,५७।१७ | २,१०,०००।०० | ३,०००।०० |
| २. | MUN-W-BLD-03/074/075 | वडा कार्यालय भवन निर्माण | देवदह न.पा. वडा नं. ८ | ८,३२,९०,५७।१७ | २,१०,०००।०० | ३,०००।०० |
| ३. | MUN-W-BLD-04/074/075 | वडा कार्यालय भवन निर्माण | देवदह न.पा. वडा नं. ११ | ८,३२,९०,५७।१७ | २,१०,०००।०० | ३,०००।०० |

देवदह नगरपालिका कार्यालय
देवदह-४,रुपन्देही ।